# प्रदेश कृषि बुलेटिन

## कृषि तथा भूमि व्यवस्था मन्त्रालय

बर्ष-२ अक-१ आ.व.२०७९/०८०



**संरक्षक**

याम नारायण देवकोटा

सचिव

**सम्पादन मण्डल**

घनश्याम चौधरी, महाशाखा प्रमुख

सन्देश धिताल, महाशाखा प्रमुख

लोकराज भुसाल, पशु चिकित्सक

हुमकान्त पाण्डेय, पशु विकास अधिकृत

युवराज ढकाल, कृषि अर्थ विज्ञ

**प्रकाशन व्यवस्थापन**

कृष्ण प्रसाद गौतम, अधिकृत आठौं

सुरज कुमार चुदारा, लेखा अधिकृत

गोपाल ज्ञवाली, अधिकृत

खगराज उपाध्याय, अधिकृत

डोलमाया सारु थापा, कम्प्यूटर अधिकृत

**सम्पादन सहयोगी**

नविन गैरे, कृषि अधिकृत

मातिवर यादव, कृषि अधिकृत

शोभाखर खनाल, प.से.प्रा.

शारदा आचार्य, प्रा.स.


## सम्पादकीय:

नेपाल संघीय व्यवस्था अनुरुप लुम्बिनी प्रदेशमा कुल १२ वटा जिल्लाहरु पर्दछन् । जसमा पहाडका ६ जिल्लाहरुः पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा र रुकुम पूर्व रहेका छन भने तराईका ६ जिल्लाहरुः नवलपरासी ब.सु.प., रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया पर्दछन् । यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरि कुल १०९ स्थानीय तहहरु रहेका छन् । यस प्रदेशको क्षेत्रफल जम्मा १९ लाख ६९ हजार ७७६ हेक्टर रहेको छ । नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशमा ६ लाख ९२ हजार ९ सय ८२ कृषक घरपरिवार रहेको छ । यस प्रदेशमा कुल खेती योग्य जमिन ६ लाख ९७ हजार ३३१ हेक्टर मध्ये जम्मा ५ लाख ३९ हजार ४ सय ४३ हेक्टर (७७%) क्षेत्रफलमा मात्र खेती गरिएको छ भने खेती गरिएको जग्गाको ५५.०७ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको अवस्था रहेको छ ।

भौगोलिक विविधताले व्यापकता पाएको यस प्रदेशमा उष्ण प्रदेशिय बाली देखी शितोष्ण बालीहरुको समेत खेती गरी उपभोक्तालाई बेमौसमी समयमा समेत उपलब्ध गराउन सकिने अवस्था रहेको छ । यस प्रदेशमा खाद्यान्न बाली कुल ६६८५०६ हे. क्षेत्रफलमा खेती गरी १९१८९१८ मे.टन. खाद्यान्न उत्पादन हुने गरेको पाईन्छ ।

प्रदेशमा कृषि क्षेत्रको व्यवसायिक विकास गर्नको लागि यस मन्त्रालय तथा मातहतका कार्यालयहरुले विभिन्न कार्यक्रम संचालन गर्दै आईरहेका छन् । यसै सन्दर्भमा मुख्यतया कृषि/पशुपंन्छी सेवाको लागि आवश्यक विशेषज्ञ प्राविधिक सेवाका साथ-साथै कृषकहरुलाई आवश्यक कृषि/पशुपन्छीको श्रोत केन्द्र विकास तथा बीउ नश्ल सुधारका लागि नियमन जस्ता कार्यक्रम र विभिन्न क्रियाकलापहरुमा कृषि अनुदान उपलब्ध गराउदै आईरहेको छ । यसका साथै कृषकहरु तथा प्रदेश/स्थानीय तहका प्राविधिक कर्मचारीहरुको क्षमता विकासका विभिन्न कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

यस प्रदेशमा प्रदेश सरकार अन्तरगत कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा स्थापना भएका मन्त्रालय सहित विभिन्न ३३ वटा कार्यालयहरुबाट सेवा प्रवाह हुँदै आईरहेको छ । यि कार्यालयहरुबाट सम्पादन भएका विभिन्न गतिविधिहरुलाई समेटेर तयार गरिएको यस बुलेटिनबाट आम कृषक तथा सरोकारवालाहरुलाई जानकारी र उपयोगी हुने अपेक्षा लिईएको छ ।

प्रदेश सरकार

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

## आर्थिक वर्ष २०७९/८० को मन्त्रालय तथा अन्तरगतको स्वीकृत बजेट विवरण

| क्र. स. | बजेट उपशीर्षक | आ.व. २०७९/८० बार्षिक स्वीकृत बजेट (रु.हजारमा) | | |
|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा |
| १ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय, राप्तिउपत्यका (देउखुरी) | २०२५०१ | २४३०० | २२६८०१ |
| २ | कृषि विकास निर्देशनालय, बुटवल | ५३७८६ | ६५० | ५४४३६ |
| ३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बुटवल | ६०११९ | ८५० | ६०९६९ |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा | २३५६० | ७९३५ | ३१४९५ |
| ५ | पशु सेवा तालिम केन्द्र, नेपालगंज बाँके | २६५७९ | ५३७५ | ३१९५४ |
| ६ | माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा बाँके | १६६३८ | १२२५ | १७८६३ |
| ७ | विउ विजन प्रयोगशाला, वाके | १७३१८ | १५.७० | १७३३४ |
| ८ | विउ विजन प्रयोगशाला, भैरहवा | २१३४७ | ४५.७० | २१३९३ |
| ९ | वाली संरक्षण प्रयोगशाला, खजुरा बाँके | १८५०६ | १३६५ | १९८७१ |
| १० | पशु रोग अन्वेषण प्रयोगशाला, नवलपरासी | ४६७५ | ४००० | ८६७५ |
| ११ | कृषि ज्ञान केन्द्र, अर्घाखाँची | ७०५३० | ११०० | ७१६३० |
| १२ | कृषि ज्ञान केन्द्र, दाङ्ग | ८५५७१ | ५००५.०० | ९०५७६ |
| १३ | कृषि ज्ञान केन्द्र, रुपन्देही | ११६४६७ | २०७० | ११८५३७ |
| १४ | कृषि ज्ञान केन्द्र, रोल्पा | ८०६५५ | ४७५० | ८५४०५ |
| १५ | कृषि ज्ञान केन्द्र, पाल्पा | ६४१५२ | ५०० | ६४६५२ |
| १६ | कृषि ज्ञान केन्द्र, नवलपरासी | ८०७१२ | ६९७५ | ८७६८७ |
| १७ | कृषि ज्ञान केन्द्र, कपिलवस्तु | ७४४४६ | ६८८० | ८१३२६ |
| १८ | कृषि ज्ञान केन्द्र, गुल्मी | १०९२७० | १४७५ | ११०७४५ |
| १९ | कृषि ज्ञान केन्द्र, बाँके | ८४०४३ | ५३७५ | ८९४१८ |
| २० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखाँची | ६०५२३ | ७६० | ६१२८३ |
| २१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँके | ९६९७९ | ११४० | ९८११९ |
| २२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्ग | ९१८५० | ४९०० | ९६७५० |
| २३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गुल्मी | ६७३४६ | १६२५ | ६८९७१ |
| २४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तु | ७४४४२ | १६३० | ७६०७२ |
| २५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नवलपरासी | ६०४२१ | ७२५ | ६११४६ |
| २६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | ६८९५३ | २०५० | ७१००३ |
| २७ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा | ५३८४० | ४०५० | ५७८९० |
| २८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही | १००८८० | १५८० | १०२४६० |
| २९ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकूम | ६९९४८ | ७९० | ७०७३८ |
| ३० | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठान | १२७७७६ | ७२५० | १३५०२६ |
| ३१ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दिया | १४४५५० | ४२०० | १४८७५० |
| ३२ | कुखुरा विकास फार्म, खजुरा बाँके | ४०८५४ | ४८४० | ४५६९४ |
| ३३ | मत्स्य विकास केन्द्र, महादेवपुरी, बाँके | १९५९१ | ४८४० | २४४३१ |
| | कुल जम्मा | २२८८८२९ | १२०२७१ | २४०९१०० |

### १. १०९ स्थानिय तहमा नै कृषि प्राविधिकहरु मार्फत कृषि रुपान्तरण अभियान

गत आ.व. २०७८/७९ देखि करार सेवामा प्रति स्थानीय तह २ जना कृषि र २ जना पशुपन्छी तर्फका दरले कुल १०९ वटा पालिकामा ४३६ जना प्राविधिकहरु करार सेवामा लिइएको थियो। उक्त प्राविधिक जनशक्ति सेवा करारबाट लिएका मध्ये सेवामा निरन्तर रहेका प्रावधिकहरुलाई चालु आ.व. २०७९/८० मा पनि निरन्तरताको रुपमा राखि स्थानिय तहमा खटाइएका प्राविधिक जनशक्ति मार्फत कृषि तथा पशुपन्छी क्षेत्रको रुपान्तरण अभियान कार्यक्रम प्रदेशका १२ वटा जिल्लाका स्थानीय तहहरुमा प्रति स्थानीय तह २ जना कृषि र २ जना पशुपन्छी प्राविधिकहरु मार्फत कृषकहरुलाई सेवा प्रवाह हुदै आईरहेको छ। यद्यपी कुनै कुनै पालिकामा करार सेवामा रहेका प्राविधिकहरुले थप राम्रो अवसरका कारण छोडेर गएको बाहेक अन्य प्राविधिक कर्मचारीहरुले स्थानीय तहमा कार्यस्थल बनाई प्रदेश तथा स्थानीय तहका कृषि तथा पशुपन्छी क्षेत्रका विभिन्न कार्यक्रममा थप प्रभावकारी तवरका साथ काममा सहजता भएको छ। स्थानिय तहमा खटाइएको प्राविधिक जनशक्तिको प्रत्यक्ष रेखदेख र समस्याको पहिचान र समाधानलाइ समेत ध्यान दिदै उक्त कार्यक्रम संचालन गरिएको छ। उक्त प्राविधिकहरुलाई कृषकहरुसँग प्रत्यक्ष जोडने उद्देश्यले स्थानीय स्तरमा खटाइएका कृषि प्राविधिकहरु मार्फत कृषि रुपान्तरण अभियानको रुपमा विभिन्न वालि वस्तुको वजारयोग्य उत्पादन तर्फ केन्द्रित गरी जिल्लाहरुका कृषकहरुलाई समस्या समाधान गर्न समेत सहजिकरण गर्ने गरेको छ ।



*सन्धिखर्क नगरपालिका वडा नं. ०१, तुम्कोटमा दिनामणी पराजुलीको खेत बारीमा प्राविधिक*



गहुँ विजबृद्धिः- बिजय जात रामग्राम-१४, नवलपरासी

### २. सिंचाइ सहित कृषि विकास कार्यक्रम मार्फत सिंचित क्षेत्र बिस्तार

सिंचाइ सहित कृषि विकास कार्यक्रम मार्फत साना सिंचाईको पूर्वाधार क्षेत्रको विकासबाट कृषकलाई व्यवसायिक उत्पादनमा प्रेरित गर्नको लागि प्रदेश अन्तरगतको १२ वटा जिल्लाका कृषि ज्ञान केन्द्र तथा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा गरी कुल ६ करोड २० लाख बजेटको विनियोजन मार्फत कार्यक्रम संचालन भईरहेको छ। जसमा ३१५ वटा आयोजनाबाट २२५ हे. क्षेत्रफलमा सिंचित क्षेत्रको विस्तार हुन गई कृषकलाई सिंचाई सुविधा व्यवस्थित हुने अनुमान रहेको छ ।



*मधुवन-८ बर्दियामा कृषि उद्धमी लता कुमारी गौतमले लगाएको २००० ड्रागन फ्रुट बाली भएको क्षेत्रमा बोरिङ सहित थोपा सिचाइ जडान कार्य सम्पन्न*

### ३. मागमा आधारीत कृषि विकास कार्यक्रम

जिल्ला स्थित कृषि तथा पशुपन्छी हेर्ने कार्यालयहरु मार्फत जिल्लाभर संचालनमा रहेका मागमा आधारीत कृषि विकास कार्यक्रममा चालु आ.व. २०७९/८० मा प्रदेशका सबै जिल्लामा गरी ७ करोड भन्दा धैरै बजेट विनियोजन गरी बढीमा प्रति कृषक १ लाखमा नबढने गरी धैरै भन्दा धैरै कृषकहरुले आफ्नो फर्म वा खेतबारीमा भएको समस्यालाई समाधान गर्नको लागि विभिन्न बाली बस्तुमा तथा पशुपन्छी तर्फ गोठ सुधार वा सुदृढिकरण लगायतको काम सम्पन्न गरिएको छ। जसमा प्रविधी र पुर्वाधारको क्षेत्रमा सहयोग उपलब्ध भएको छ । उत्पादन र वजारको सम्भावना भएका विभिन्न वालिहरु तरकारी, कुरीलो, अदुवा बेसार, लसुन प्याज जस्ता अन्य बालीहरु समेतको प्रवर्द्धन गरी आत्मनिर्भरता तर्फ लैजाने हेतुले वालि वस्तुको छनौट गरिएको छ ।



*मागमा आधारित कृषि विकास कार्यक्रम, तिलोत्तमा-४, डिङ्गरनगर, क्षितिज नमूना कृषक समूह*

### ४. बाली वस्तु विषेश प्रवर्द्धन कार्यक्रम

वालि वस्तु विषेश प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्रदेशका सबै जिल्लामा गरी कुल बिभिन्न बालीहरु धान मकै गहु, तोरी, सुन्तला, मुसुरो तथा अन्य बालीहरुको लागि कुल विनियोजित रकम रु ५ करोड ७९ लाख, आलु प्रवर्द्धन कार्यक्रम बाँके, बर्दिया, रुपन्देही र नवलपरासी जिल्लाहरुमा गरी बिनियोजित कुल १ करोड, तरकारी प्रवर्द्धन तर्फ कुल १ करोडको हाराहारिमा बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिएको साथै पशुपन्छी तर्फ गाईभैसी, बाख्रा, वंगूर प्रवर्द्धन कार्यक्रम

तर्फ कुल विनियोजित २ करोड भन्दा वढी रकमबाट कार्यक्रम संचालन गरी विभिन्न बालीबस्तुहरुको प्रवर्द्धनको लागि कार्य सम्पन्न गरिएको छ ।





*बढैयाताल नगरपालिका वडा नं. ०६, बर्दियामा तोरी प्रवर्द्धन कार्यक्रम*

### ५. बगैचा सुदृढिकरण कार्यक्रम

बगैचा सुदृढिकरण कार्यक्रम अन्तर्गत विभिन्न फलफूलहरुको बगैचाको सुदृढिकरण गर्ने कार्य भएको छ जसमा कृषि ज्ञान केन्द्रका प्राविधिकहरुको सहयोगमा प्रत्यक्ष वगैचाहरुमा पुगी १ दिने सहजिकरण र समाग्री हस्तान्तरण सहित बोर्डो पेष्ट लगायत बगैचामा देखिएका विभिन्न समस्याहरुको समाधानको लागि व्यवहारिक सिकाई सहित कृषकहरुलाइ प्रेरित गरिएको छ ।



*बगैचा सुदृढिकरण कार्यक्रम अन्तर्गत बोर्डो पेन्ट लगाउने कार्य सम्पन्न पाणिनी ३ खिदिम*

### ६. माटो व्यवस्थापन र अन्य प्रांगारिक उत्पादन प्रवर्द्धन कार्यक्रम

माटोमा दिगो रुपमा खाद्यतत्व व्यवस्थापन गर्ने मुख्य उद्देश्य सहित प्रदेशका रुकुम पूर्व बाहेकका अन्य ११ जिल्लामा ३० लाखका दरले बजेटको विनियोजन गरिएको साथै रुकुम पूर्वमा १५ लाख रकम विनियोजन सहित माटो व्यवस्थापन कार्यक्रम राखी एकिकृत माटो व्यवस्थापन सम्बन्धि तालिमहरु संचालन भएको छ, कम्पोष्ट मलको प्रदर्शन, हरियोमल प्रदर्शन लगायतका क्रियाकलापहरु सहित सम्पन्न गरिएको छ। रुपन्देही जिल्लामा माटो व्यवस्थापन कार्यक्रम अन्तरगत शुद्धोधन-१, बेलवा र मायादेवी-३, मेडहरवामा रहेको बेलवा कृषक समूह र राधाकृष्ण कृषक समूहसँगको सहकार्यमा करिव १०० घरधुरी कृषकलाई समेटेर दिगो माटो व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको छ। तरकारी खेती हुने यस क्षेत्रमा माटोको अवस्थाबारे जानकारी लिन र माटोको व्यवस्थापन गर्न २०३ वटा माटोको नमुना संकलन गरी माटोमा रहेको प्राङ्गारिक पदार्थ, PH, Nitrogen, Phosphorous, Potassium को जाँच गरियो । अधिकांश माटोको नमुनामा प्राङ्गारिक पदार्थ र Nitrogen, Phosphorous, Potassium कम रहेको पाईयो भने माटो pH अम्लिय रहेको पाईयो। सोही नतिजा अनुरुप माटोको अवस्था सुधारको लागि आवश्यक तालिमहरु सञ्चालन गरी १० वटा भर्मिवेडमा गड्यौला मल बनाउने कार्य भैरहेको छ। त्यसैगरी पशुको गोबर र मुत्रको सदुपयोग गर्ने उद्देश्यले २० वटा भकारो सुधारको कार्यक्रम पनि सञ्चालनमा रहेको छन्। रासायनिक मलको निर्भरतालाई प्रतिस्थापन गर्ने र माटोको स्वास्थ सुधारको लागि जैविक तथा प्राङ्गारिक मलको प्रयोग तथा प्रदर्शन कार्यहरु भैरहेको छ र आगामी दिनमा यसको थप विस्तार गर्दै लैजाने नीति लिएको छ। साथै रुकुम पूर्व जिल्लालाई समेटने गरी १ वटा प्रांगारिक टोल विकास कार्यक्रम र कृषकहरुको खेतवारीमा खाद्यतत्वको मात्रामा कमि हुन नदिनको लागि प्रदेशको प्रांगारिक जिल्लाको रुपमा रहेको यस जिल्लामा प्रांगारिक मलमा ८५ प्रतिशत अनुदान कार्यक्रम समेत सम्पन्न गरिएको छ ।



*माटो परिक्षण शिबिर कार्यक्रम तिनाउ गा.पा. ३, पाल्पा*

### ७. स्मार्ट कृषिगाउँ कार्यक्रम

प्रदेशका सबै जिल्लाहरुमा विगतका बर्षहरु देखि संचालनमा आएका र चालु आ.व. २०७९/८० मा पनि निरन्तरताको रुपमा रहेका ६२ (३४ वटा कृषि र २८ वटा पशुपन्छी तर्फ) स्मार्ट कृषि गाउ मध्ये कुल जम्मा ४५ वटाको सम्झौता भई कार्यक्रम कार्यान्वयनमा रहेका छन् भने ४९ वटा स्मार्ट कृषिगाँउ ४ बर्ष पुरा भई हस्तान्तरणको प्रक्रियामा रहेका तथा केहि हस्तान्तरण समेत भई सकेका छन्। विगतको ४ बर्षको दौरानमा ५ वटा स्मार्ट कृषिगाँउ कार्यक्रमहरुले कार्यक्रम

संचालनको लागि सक्रियता नदेखाएको हुदाँ रद्द समेत गरिएको छ। जसको विस्तृत विवरण निम्नानुसारको तालिकामा राखिएको छ ।

### स्मार्ट कृषि गाउँ कार्यक्रम छनौट तथा कार्यान्वयन

| आ.व. | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
|---|---|---|---|---|---|
| निर्णय भएका स्मा.कृ.गा.का. | ५२ (कृ.३४,प.१८) | २३ (कृ.७,प.१६) | ४१ (कृ.१९,प.२२) | - | - |
| विनियोजन भएका स्मा.कृ.गा.का. | ५२ (कृ.३४,प.१८) | ७५ (कृ.४१,प.३४) | ११६ (कृ.६०,प.५६) | ११५ (कृ.६०,प.५५) | ६२ (कृ. ३४,प.२८) |
| कार्यान्वयन भएका स्मा.कृ.गा.का. | ५२ | ५० | १०८ | ९४ | ४५ वटासँग सम्झौता |

- नोटः कृ.= कृषि, प.=पशुपन्छी

### स्मार्ट कृषिगाउँ  कार्यक्रमको हालसम्मको उपलब्धि सारांश

| क्रियाकलाप | परिमाण | क्रियाकलाप | परिमाण | क्रियाकलाप | परिमाण | क्रियाकलाप | परिमाण |
|---|---|---|---|---|---|---|---|
| आधुनिक बाखा/बंगुर खोर निर्माण | ११५३ | आधुनिक मासु पसल निर्माण | ८ | पम्प सेट | ३६६ | भण्डार घर | २ |
| आधुनिक गाई/भैसी गोठ निर्माण | १८० | दुध संकलन केन्द्र स्थापना | ७ | थ्रेसर/कम्बाईन | ७२ | मेज प्लान्टर | ३४ |
| भकारो सुधार/गोठ सुधार | ७०७ | घाँस स्रोत केन्द्र स्थापना/डाले घाँसको नर्सरी स्थापना | १५ | च्याफ कटर | १६५ | मकै छोडाउने मेसिन | ५९ |
| स्थायी टनेल निर्माण | ३३७ | कृषि सूचना केन्द्र स्थापना | ६१ | रिपर | २१ | सिडबिन (टिनको भकारी) | १९० |
| अस्थायी टनेल निर्माण | २०३३ | कृषि उपज संकलन केन्द्र स्थापना | १९ | मिनी टिलर | २४७ | सिड ड्रिल | ४ |
| Stainless Steel मिल्क केन | ४१९६ | डिप बोरिङ्ग | ३ | कम्पोष्ट/भर्मीकम्पाष्ट मल खाडल | ७२३ | रोटाभेटर | ८ |
| सिंचाई पोखरी/ निर्माण टेङ्की | १६५ | पावर टिलर | ९४ | मिल्किङ्ग मेसिन | ४ | कल्टीभेटर | ७ |



सन्धिखर्क स्मार्ट कृषि गाँउ कार्यक्रम अन्तर्गत यान्त्रीकरण वितरण कार्यक्रम



स्मार्ट कृषि गाउँ कार्यक्रम, छत्रकोट-१, हुँगा




## ८. ब्लक विकास कार्यक्रम

सङ्घीय ससर्त कार्यक्रम अन्तर्गत यस लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुमा संचालन हुने गरी ३३ वटा मध्ये २८ वटा ब्लक कार्यक्रम कार्यान्वयनमा रहेका छन्। ब्लक कार्यक्रम अन्तर्गत उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र बजारिकरण जस्ता क्रियाकलापहरु गरी कार्यक्रम संचालन गरिएको छ। जस अन्तरगत रोल्पा जिल्लामा संचालन गरिएका सुन्तलाको उत्पादन तथा बजारीकरण र मसला ब्लक विकास अन्तरगत प्याजको बीउ उत्पादनको क्षेत्रमा भएको कार्य निम्नानुसार रहेको छ ।

**– सुन्तला ब्लक सञ्चालक समिति माडी गा.पा.६ रोल्पा**

माडी गा.पा.६ कोर्चाबाङ्ग विगत वर्षदेखि नै सुन्तलाजात पकेट क्षेत्रको रुपमा स्थापित रहेको छ । यस क्षेत्रमा सुन्तला खेतीको लागि सुहाउँदो माटो तथा हावापानी रहेको हुनाले यहाँका कृषकहरु प्रायः व्यवसायिक तथा प्राविधिक रुपमा नै सुन्तला खेतीमा आवद्ध रहेका छ । यस क्षेत्रका करिब २०० घरधुरी सुन्तला खेती गरी वार्षिक करिब ६०० मे.टन.सम्म उत्पादन हुने गर्दछ । प्रत्येक घरधुरीबाट औषत वार्षिक रु.२,५०,०००।- आम्दानी हुने गर्दछ । यस क्षेत्रका कृषकहरुलाई सुन्तला बगैचा व्यवस्थापन बारे राम्रो ज्ञान रहेको छ त्यसैले सुन्तला ठूलो साइज तथा रसिलो हुने गर्दछ । यस क्षेत्रको नजिकै शहिद राजमार्ग भएको हुनाले विक्रि वितरणमा सहयोग पुगेको छ । यस क्षेत्रबाट हिउँदे मौसममा दाङ्ग, प्यूठान, बुटवल, नेपालगञ्ज तथा स्थानिय बजारमा सुन्तला निर्यात हुने गर्दछ । सुन्तलाजात बालीको क्षेत्र विस्तारको लागि आ.व.२०७८/०७९ बाट कृषि ज्ञान केन्द्र, रोल्पाबाट संघिय शसर्त अन्तर्गत सुन्तला ब्लक विकास कार्यक्रम लागू भएको थियो ।









*सुन्तला ब्लक सञ्चालक समिति माडी गा.पा.६ रोल्पाको सुन्तला बजारिकरणका दृष्यः*

**– मसला ब्लक सञ्चालक समिति सुनिलस्मृति गा.पा.२**

रोल्पा जिल्ला सुनिलस्मृति गा.पा.-२ हरिगाउँमा बसोबास गर्ने कृषकहरु विगत वर्षदेखि नै मुख्य रुपमा व्यवसायिक प्याजको बीउ तथा गानो उत्पादन गर्दछन्। व्यवसायिक रुपमा प्याजको बीउ तथा गानो उत्पादन गर्ने भएको हुँदा त्यस स्थानलाई मसलाबाली पकेट क्षेत्रको रुपमा विकास गरिदै आएको छ। यहाँ रेड क्रियोल जातको पनि प्याजको गानोबाट बीउ उत्पादन हुने गर्दछ। एउटै प्याजको तौल २५० ग्राम देखि ३०० ग्राम सम्म पनि हुने गर्दछ । त्यस क्षेत्रका व्यवसायिक कृषक श्री उन्नत विक्रम शाहले वर्षमा ४०० के.जी.सम्म बीउ उत्पादन गरी जिल्ला भित्र र बाहिर विक्रि वितरण गर्दै आइरहेका छन । यस क्षेत्रमा करिब ४० घरधुरीहरु करिब ३ हे. क्षेत्रफलमा प्याजको बीउ उत्पादन आवद्ध रहेका छन । प्याजको बीउ तथा गानो उत्पादन गरी प्रत्येक घरबाट वार्षिक न्यूनतम रु. १,५०००० ।- अधिकतम रु. ६००००० ।- सम्म आम्दानी गर्दै आएका छन् । यस क्षेत्रमा उत्पादन भएको प्याजको बीउ दाङ्ग, रोल्पा, प्यूठानको एग्रोभेटमा विक्रि वितरण गर्दै आएका छन । मसलाबालीको क्षेत्र विस्तारको लागि आ.व.२०७८/०७९ बाट कृषि ज्ञान केन्द्र, रोल्पा मार्फत संघिय शसर्त अन्तर्गत मसला ब्लक विकास कार्यक्रम लागू भएको छ ।



*मसला ब्लक सञ्चालक समिति सुनिलस्मृति गा.पा.२, रोल्पा*

## ९. बीउ आत्मनिर्भर कार्यक्रम

कृषि उत्पादनको पहिलो उत्पादन सामग्री भित्र पर्ने बीउको उत्पादन गरी उत्पादन बृद्धिको लागि उन्नत बीउको प्रयोग मात्र भएमा पनि १५–२० प्रतिशत उत्पादन बढ्ने विश्वासको साथ बीउ उत्पादनमा प्रदेश सरकारको लगानी र योगदान हुन अनिवार्य आवश्यकता अनुरुप प्रदेशका १२ वटा नै जिल्लाहरुमा त्यहाँको भौगोलिक संम्भाव्यता र मागको आधारमा खाद्यान्न बाली, आलु, तरकारी लगायत बालीहरुको बीउ उत्पादनको लागि जिल्लास्थित कार्यालयहरु मार्फत कार्यक्रम संचालन गर्न कुल रकम २ करोड ७ लाख बिनियोजन गरी कार्यक्रम संचालन गरिएको छ ।



*छत्रकोट गाउँपालिका वडा नं १ गुल्मीमा अकबरे खुर्सानीमा बीउ उत्पादन कार्यक्रम*



*बीउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत रामग्राम न.पा. -१६, पिपलडाँडामा लगाईएको रामपुर हाईब्रिड १० मकै*

## १०. कृषक सहयोगी कक्ष संचालन कार्यक्रम

बर्दिया जिल्लामा रहेको एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय मार्फत यस कार्यक्रम अन्तर्गत दुई जना कार्यक्रम सहजकर्ताको व्यवस्था छ । कार्यक्रम सहजकर्ताहरुले विशेष गरी किसानहरुलाई अनुदानका लागि आवश्यक पर्ने कागजात तथा प्रस्तावना लेखन तथा भुक्तानीका प्रक्रियामा सहयोग गर्नुभएको छ। उक्त कार्यक्रमले हाल सम्म ३०० जना कृषकहरुलाई सहजिकरण भयो। सहजकर्ताहरुले कृषकहरुलाई प्राविधिकको सहयोगमा प्राविधिक पृष्ठपोषण गर्नुभएको छ। यसको सिकाई तथा कृषकलाई पुगेको सहयोगले गर्दा अन्य जिल्लाहरुमा समेत कृषक सहयोगी कक्ष सञ्चालन मार्फत कृषकलाई सहजिकरण गरिएको छ ।




*एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दियामा सञ्चालन गरिएको कृषक सहयोगी कक्ष*

## ११. कार्यक्रम सार्वजनिकिकरण कार्यक्रम



मन्त्रालय लगायत मातहतका सबै कार्यालयहरुले आर्थिक बर्षको शुरु शुरु अवधिमा नै स्वीकृत कार्यक्रमहरुको कार्यक्रम सार्वजनिकरण गर्ने कार्य सम्पन्न भएको छ जस अन्तरगत कृषि विकास निर्देशनालयले पनि चालु आ.व. ०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा लक्ष्य रहेको आर्थिक वर्ष ०७९/८० को बार्षिक कार्यक्रम सार्वजनिकीकरण कार्यक्रम मिति २०७९/०६/१३ गतेका दिन कृषि विकास निर्देशनालयका बरिष्ठ कृषि अर्थ विज्ञ श्री हरि प्रसाद पण्डित ज्यूको अध्यक्षता, कृषि तथा भूमी व्यवस्था मन्त्रालयका श्रीमान सचिव श्री यामनारायण देवकोटा ज्यूको प्रमुख आथित्यतामा र प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना, परियोजना कार्यान्वय ईकाइ, रुपन्देहीका प्रमुख, लगायत विभिन्न कार्यालयका कार्यालय प्रमुख, पत्रकार, कृषकहरुको उपस्थितीमा बार्षिक कार्यक्रम सार्वजनिकीकरण कार्याशाला गोष्ठी सम्पन्न गरियो । जसमा ४५ जना सहभागीको उपस्थिती रहेको थियो।

उक्त बार्षिक कार्यक्रम कृषिसँग सरोकार राख्ने विभिन्न संघ संस्था, सरकारी तथा गैह्र सरकारी कार्यालयहरुबाट संचालन गरिने कृषिका कृयाकलापहरुलाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन मुखी बनाउन पहल गर्ने र प्रत्येक जिल्ला स्थित कृषि ज्ञान केन्द्र, तालिमकेन्द्र, प्रयोगशालाहरुबाट संचालन गर्ने कार्यक्रमहरुको उपलब्धि र त्यसको तत्थ्यांक विवरण अद्यावधिक गर्दै जाने कुरामा पहल गर्नुको साथै कार्याशाला गोष्ठी कार्यक्रममा संघ, प्रदेश र स्थानियतहबाट कृषि क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुको बारेमा कर्षि तथा भूमि व्यवस्था मन्त्रालय र कृषि विकास निर्देशनालयबाट जिल्ला स्थित कार्यालयहरुलाई निर्देशन दिने विषयमा छलफल भएको थियो।

## १२. कर्मचारी विशेष भर्चुअल तालिम

कर्मचारीको क्षमता अभिबृद्धि विकासका लागि लुम्बिनी प्रदेशका १०९ वटा पालिका र कृषि ज्ञान केन्द्रका अधिकृतहरु तथा कृषि प्राविधिकहरुको सहभागितामा तपशिल अनुसारका विषयहरु बरिष्ठ कृषि विज्ञहरुबाट भर्चुअल तालिम संचालन गरिएको थियो।

### १२.१ माटो तथा मल व्यवस्थापन

मिति २०७९/११/१८ गते माटो तथा मल सम्बन्धी भर्चुअल तालिम संचालन गरिएको थियो। तालिममा लगभग ८० जना प्राविधिकहरुको सहभागिता रहेको थियो। लुम्बिनी प्रदेशमा माटोमा ह्रास भैरहेको खाद्यतत्वको सुधारको लागि प्राविधिकहरुलाई आवश्यक तालिम संचालन गरिएको थियो।

**१२.२ फलफुल बगैचा व्यवस्थापन**

मिति २०७९/१२/२७ गते माटो तथा मल सम्बन्धी भर्चुअल तालिम संचालन गरिएको थियो। तालिममा लगभग ५५ जना प्राविधिकहरुको सहभागिता रहेको थियो। लुम्बिनी प्रदेशमा विभिन्न प्रकारका फलफुल बालीहरुको उत्पादन संभावन रहेको छ। फलफुल बालीमा विशेष गरी बगैचा व्यवस्थापनमा समस्या देखिने भएकाले आवश्यक व्यवस्थापनका कृयाकलापहरुलाई समेटि यो तालिम संचालन गरिएको थियो।

**१२.३ पोष्टहार्भेष्ट ह्यान्डलिङ्ग प्रविधि**

२०७९ फागुन महिनामा पोष्टहार्भेष्ट ह्यान्डलिङ्ग प्रविधि सम्बन्धी भर्चुअल तालिम संचालन गरिएको थियो। तालिममा लगभग ४५ जना प्राविधिकहरुको सहभागिता रहेको थियो। बालीमा उत्पादनोप्रान्त हुने क्षतिको न्यूनिकरण सम्बन्धी विषयमा प्राविधिकहरुसँग छलफल गरी विज्ञ सरहरुबाट आवश्यक सल्लाह सुझाव प्रदान गरिएको थियो।

## १३. कृषि प्राविधिकहरुलाई अन्तरप्रदेशीय भ्रमण

अन्तरप्रदेश अन्तरगत कृषिसँग सरोकार राख्ने विभिन्न सरकारी एवं गैह्र सरकारी संघसंस्था तथा कृषक फर्महरुबाट संचालित कृषिका नविनतम क्रियाकलाहरु, कृषि अनुसन्धान केन्द्रहरुबाट भए गरेका अनुसन्धानात्मक नतिजा तथा प्रविधिहरु साथै विभिन्न प्रदेश मन्त्रालय, कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्रहरुबाट संचालित विभिन्न कार्यक्रमहरुको मोडेल नमुना लिई लुम्बिनी प्रदेशको कृषि क्षेत्रको योजना तर्जुमा तथा नयाँ कार्यक्रम निर्माणको लागी मार्गदर्शन हुने अपेक्षा गरिएको छ ।

कृषि विकास निर्देशनालयकको चालु आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार २ पटक कृषि/पशु सेवा प्राविधिक अन्तर प्रदेश भ्रमण संचालन गरिएको थियो। प्रथम चरणको भ्रमण मिति २०७९/०९/१८ देखि २२ सम्म (प्रदेश नं १) र दोस्रो चरणको भ्रमण मिति २०७९/१०/२४ देखि २८ गते (बागमति प्रदेश र गण्डकी प्रदेश) अन्तरगतका विभिन्न जिल्लाहरुमा अध्ययन अवलोकन गरिएको थियो।

भ्रमण तथा अवलोकनले कर्मचारीहरुमा विकास भएका नयाँ प्रविधिहरुसँग परिचित गराउदै ती प्रविधिहरुलाई किसानका माझ पुर्याउन मद्दत गर्दछ। साथै अन्य प्रदेशले सन्चालन गरेका सफल कृषिका कार्यक्रमबाट पाठ सिक्दै आगामी आर्थिक बर्षहरुमा ती सफल योजनालाई यस प्रदेशमा समेत विस्तार गर्न मद्दत पुग्दछ। साथै अवलोकन भ्रमणले कर्मचारीमा ताजगी ल्याई कार्यक्षमता समेत वृद्धि हुने अध्ययन तथा विगतका अनुभवले देखाएको छ।










*राष्ट्रिय सुन्तलाजात फलफूल अनुसन्धान कार्यक्रम धनकुट्टाका कार्यालय प्रमुखद्वारा विकास गरिएका जात र प्रविधिबारे प्रस्तुती*

*राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रम, पाख्रीबास*

## १४. दोस्रो चौमासिक तथा अष्टमासिक प्रगति समिक्षा गोष्ठी




*दोस्रो चौमासिक तथा अष्टमासिक प्रगति समिक्षा गोष्ठी*

कृषि विकास निर्देशनालयकको चालु आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दोस्रो चौमासिक तथा अष्टमासिक प्रगति समिक्षा गोष्ठी कार्यक्रम मिति २०७९/१२/११ र १२ गतेका दिन कृषि विकास निर्देशनालयका नि. प्रमुख रामप्रसाद पाण्डेज्यूको अध्यक्षता, कृषि तथा भूमि व्यवस्था मन्त्रालयका माननिय मन्त्री भण्डारिलाल अहिर ज्यूको प्रमुख आथित्यता, कृषि तथा भुमि व्यवस्था मन्त्रालयका श्रीमान सचिव यामनारायण देवकोटा ज्यूको विशिष्ट आथित्यतामा र कृषि तथा भुमि व्यवस्था मन्त्रालयका महाशाखा प्रमुखहरु, प्रादेशिक कृषि अनुसन्धान निर्देशनालय, खजुराका प्रमुख, जिल्ला स्थित कृषि ज्ञान केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, तालिम केन्द्र, प्रयोगशालाका प्रमुख एवं प्रतिनिधीहरु, संघिय कार्यालयका प्रमुख एवं प्रतिनिधीहरु, कृषि सामाग्री कम्पनी लि, साल्ट ट्रेडिङ भैरहवाका प्रमुखहरु, विभिन्न स्थानिय तहका कृषि शाखा

प्रमुखहरु, संघ संस्था, कृषि सहकारी, कृषक प्रतिनिधि, कृषि पत्रकार, कृषि विकास निर्देशनालयका अधिकृत कर्मचारीहरु लगायत ८७ जनाको उपस्थित रहेको थियो।

**मुख्य मुख्य उपलब्धीहरु**

- तत्थ्यांक अद्यावधिक र लेखा व्यवस्थापन सम्बन्धि अन्य विषयमा छलफल गरिएको,
- निर्देशनालय र मातहतका कार्यालयहरुको दोस्रो चौमासिक, अष्टमासिक र बार्षिक कुल विनियोजित बजेटको तुलनामा क्रमश २८.८, ३०.६ र २३.३ प्रतिशत वित्तिय र ५५.०२ प्रतिशत एकमुष्ट भारित प्रगति भएको,
- कृषकको आवश्यकता अनुसार कृषि सामाग्री र साल्ट ट्रेडिङबाट उपलब्ध र वितरण भएको रासायानिक मलको परिमाण कमी भएकोले कठिनाई भएको जिल्ला स्थित कार्यालहरुको सुझाव,

## १५. बाली विशेष (सुन्तलाजातका फलफूल) कृषक तथा प्राविधिक वीच अन्तरक्रिया गोष्ठी

कृषि विकास निर्देशनालयकको चालु आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाली विशेष सुन्तलाजात फलफूल कृषक तथा प्राविधिक विचको अन्तरक्रिया कार्यक्रम मिति २०७९/०७/१७ गतेका दिन कृषि विकास निर्देशनालयका नि. प्रमुख रामप्रसाद पाण्डेज्यूको अध्यक्षतामा र बरिष्ठ कषि अर्थ विज्ञ श्री हरि प्रसाद पण्डित ज्यू, सुन्तलाजात फलफूल विकास केन्द्र, पाल्पाका प्रमुख बसन्त कुमार श्रेष्ठ, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पाल्पाका प्रमुख दिपक भट्टराई , कृषि ज्ञान केन्द्र, पाल्पाका प्रमुख कामना अधिकारी लगायत निर्देशनालयका अन्य अधिकृत कर्मचारीहरु र सुन्तलाजात फलफूल नर्सरी कृषकहरुको उपस्थितीमा सम्पन्न भएको थियो । जसमा सुन्तलाजात फलफूल उत्पादक एवं नर्सरी विरुवा उत्पादन कृषकहरु र अन्य गरी जम्मा ५८ जनाको उपस्थिति रहेको थियो।




*बाली विशेष (सुन्तलाजातका फलफूल) कृषक तथा प्राविधिक वीच अन्तरक्रिया गोष्ठी*

प्राप्त विवरण अनुसार लुम्बिनी प्रदेशमा हालसम्म विभिन्न फलफूल वाली विशेष ९३ वटा दर्ता भएका फलफूल विरुवा उत्पादन नर्सरीहरु रहेका र जिल्ला र प्रदेश स्तरमा फलफूल नर्सरीहरुको संजाल गठन नभएको हुँदा छरिएर रहेका नर्सरी फर्महरुलाई सँगठित गरी फलफूल नर्सरीहरुलाई स्थान र फलफूल बाली विशेष नर्सरी स्रोतकेन्द्रको रुपमा विकास गर्न, लुम्बिनी प्रदेशलाई आवश्यक पर्ने फलफूल विरुवाहरुको माग अनुसार प्रदेश भित्रनै नर्सरी विरुवाहरु उपलब्धता गर्न, गुणस्तर विरुवाहरुको क्षेत्र विस्तार गर्न, प्रदेश भित्र फलफूल विरुवाहरुको वासलात तयार गर्न, पालीका र जिल्ला हुँदै प्रदेश स्तर सम्ममा बाली विशेष फलफूल नर्सरी सम्बन्धि सन्जालको निर्माण गरी संजाल मार्फत नर्सरी व्यवस्थापनाका क्रियाकलापहरु संचालन गर्न फलफूल नर्सरी कृषकहरुले जिल्ला स्तरमा संजाल गठन गरी प्रदेश स्तरमा प्रादेशिक संजाल गठनका लागी आवश्यक सुझाव दिईएको थियो।

## १६. निर्यातयोग्य बालीसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तक्रिया गोष्ठी

कृषि विकास निर्देशनालयकको चालु आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्यातयोग्य बालीसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तक्रिया गोष्ठि कृषि ज्ञान केन्द्र रोल्पाको सभाहलमा मिति २०७९/०९/०७ गतेका दिन रोल्पा नगरपालिकाका नगरप्रमुख ज्यूको अध्यक्षतामा, माननीय दिपेन्द्र कुमार पुन ज्यूको प्रमुख आतिथ्यतामा, कृषि विकास निर्देशनालयका नि. प्रमुख रामप्रसाद पाण्डे ज्यूको विशेष आतिथ्यतामा, साथै लुम्विनी प्रदेश अन्तर्गतका जिल्लामा रहेका अदुवा तथा बेसार उत्पादक कृषक, समुह सहकारीका प्रतिनीधि तथा व्यवसायीहरुको सहभागितामा सम्पन्न भएको थियो । गोष्ठीमा जम्मा २५ जनाको उपस्थिति रहेको थियो।

कार्यक्रमको मुख्य उद्धेश्य अदुवा तथा बेसार खेतीमा रहेका प्राविधिक समस्या र तिनको सम्भावित समाधान, बजार अवस्था तथा बजारीकरणका सम्भावना र अर्गानिक अदुवा खेती गर्ने प्राविधि तथा सम्भावित बजार बारे छलफल गर्ने रहेको थियो। गोष्ठीमा निर्यातयोग्य बालीहरु विशेष लसुन, अदुवाबालीमा देखिएको विभिन्न समस्या जस्तै रोग कीराहरु, भण्डारण, बजारिकरण सम्बन्धी छलफल गरिएको थियो। साथै अदुवामा आधारित उद्योग व्यवसायीहरुका समस्या, भारतीय व्यापारीको हस्तक्षेप र कृषकले मुल्य नपाएको भन्ने विषयमा पनि छलफल गरिएको थियो। त्यसैगरी अदुवा बेसारमा आधारित मसलाजन्य उद्योगलाई प्रोत्साहन गर्ने, उत्पादन तथा प्रशोधन लागत घटाउने प्रविधिक विकास गर्ने, समर्थन मुल्य तय गर्ने भन्ने सुझाव र सिफारिस गरिएको थियो।

## १७. सकारात्मक सोच तथा मोटिभेशनल तालिम

कृषि र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयहरुबाट, मन्त्रालय तथा मातहतका जिल्लाका प्रमुख ज्यूहरुलाई संचालित कार्यक्रमहरुको संचालनमा अझ

बढी सकारात्मक सोचको विकास गरी कार्य संचालन प्रकृयामा सुधार पुर्याउनको लागि र मोटिभेशन गर्नको लागि मिति २०७९/१०/१८ देखि २३ सम्म ३/३ दिने आवसिय सकारात्मक सोच तथा मोटिभेशनल तालिम ग्लोबल पिस रिट्रिट सेन्टर, ढवाहा, बुटवलमा संचालन गरिएको थियो।
कृषि तथा भूमि व्यवस्था मन्त्रालयका साथै प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय र ओमशान्ती समाजका समेत सो तालिममा सहभागी भएका थिए। उक्त तालिममा शैद्धान्तिक तथा व्यावारिक कक्षाका माध्यम बाट सहभगीलाई प्रशिक्षित गराईएको थियो भने तालिम समापन पश्चात सम्पूर्ण सहभागीलाई फ्रेम गरेको प्रमाणपत्र वितरण गरिएको थियो। आयोजक संस्था तथा प्रशिक्षकहरुलाई समेत प्रमाणपत्र र मायाको चिनो प्रदान गरिएको थियो। तालिमका सहभागीहरु समेत तालिमबाट दिक्षित भएकोमा यसले कार्य सम्पादनमा सहयोग गर्ने भविष्यमा समेत यस किसिमका तालिम सन्चालन गर्नु पर्ने प्रतिक्रिया दिनुभएको थियो। कार्यक्रमले कर्मचारीहरुमा पोजिटिभ एटिट्युडको विकास गरी कार्यालयमा काम गर्दा दैनिक रुपमा आईपर्ने समस्याहरुको सहज समाधान गर्न सकिने खालको वातावरण सृजना गरेको छ।



*सकारात्मक सोच तथा मोटिभेशनल तालिम*

## १८. बाली बिशेष (मौरी) का संजालहरुसँग अन्तरक्रिया गोष्ठी


*बाली बिशेष (मौरी) का संजालहरुसँग अन्तरक्रिया गोष्ठी*

कृषि विकास निर्देशनालयकको चालु आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाली बिशेष (मौरी) का संजालहरुसँग अन्तरक्रिया गोष्ठी एभर ल्याण्ड होटेल, भालुवाङ्गमा मिति २०७९/०६/११ गतेका दिन कृषि विकास निर्देशनालयका नि. प्रमुख रामप्रसाद पाण्डे ज्यूको विशेष अध्यक्षतामा संचालन गरिएको थियो।

गोष्ठीमा विभिन्न विषय जस्तै चरण सम्बन्धी समस्या, उत्पादन र बजारिकरण सम्बन्धी र नितिगत समस्याका बारेमा छलफल गरिएको थियो। साथै छलफलमा आएका विषयबस्तुहरुमा आवश्यक समाधानका उपायहरु र सल्लाह सुझाव दिईएको थियो।

## १९. कृषि मेला २०७९

किसानलाई आधुनिक कृषिको व्यवसायीकरण गर्न सघाउने र कृषि प्रविधि सिकाउने उद्देश्यले बुटवलमा बिहीबारबाट दसौं कृषि-मेला २०७९ मिति २०७८ साल फागुन ६ गते देखि ८ गते सम्म संचालन गरिएको थियो। स्थानीय कृषि उपज बाली/वस्तुको उत्पादन तथा बजारिकरण प्रवर्द्धन गर्ने मेलाको मुख्य उदेश्य रहेको थियो। उद्योग वाणिज्य संघले बालमन्दिर परिसर हाटबजारमा मेला आयोजना गरिएको थियो। मेलाको एक समारोहका बीच नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष श्री चन्द्र ढकालले उद्घाटन गर्नुभएको थियो। मेलाले कृषिको उत्पादन वृद्धि, व्यवसायीकरण र बजारीकरणका लागि ठूलो सहयोग पुगेको थियो। उक्त मेलामा करिब ५० वटा कृषि स्टल रहेका छन्। किसानसँगै कृषिमा आधारित उद्योगमा लगानीकर्तालाई आकर्षण गर्ने अपेक्षा गरिएको मेलामा २५ हजार बढीले अवलोकन गरेका थिए। मेलामा उत्पादित मेलामा कृषि प्रविधि, बाली काट्ने मेसिन, गोड्ने मेसिन, बैलर मेसिन, थोपा सिँचाइ, हाइड्रोपोनिक्स, मौरी पालन, जैविक मल, फलफुल तथा पुष्प नसरीलगायतको प्रदर्शन गरिएको थियो।



*कृषि मेला २०७९, बुटवल*

## २०. पोषण सुधारका लागि ग्रामिण कुखुरा पालन कार्यक्रम

प्रदेशका सबै जिल्लाहरुका विपन्न तथा उत्पिडित समुदायका गरिव कृषकहरुलाई लक्षित गरी प्रति समुह रु ५ लाख बजेट परिधि भित्र रही कृषकहरुको पोषण सुधारमा टेवा पुर्याउने उद्देश्यले जिल्ला स्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय मार्फत एउटा जिल्लामा कम्तिमा २ वटा समुहहरुमा यो कार्यक्रम संचालन गरिएको छ।



*पोषण सुधारका लागि ग्रामिण कुखुरा पालन कार्यक्रम, सैनामैना न.पा.-०१*

## २१. कार्यालय परिसरमा कृषि प्रदर्शन कार्यक्रम

प्रदेशका सबै कृषि तथा पशुपन्छी क्षेत्रका कार्यालयहरुमा स्थानीय बस्तु स्थिती र अवस्था अनुसार कार्यालय परिसरमा उच्च प्रविधि युक्त प्रदर्शन कार्यक्रमहरु संचालनमा रहेका छन् । त्यसै अनुरुप कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र खजुरा बांकेले पनि कृषि अनुसन्धानका गतिविधिलाई प्रसारको माध्यमबाट कृषक माफ पुर्याउने उद्देश्यले कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुराको कार्यालय परिसर भित्र रेड लेडि जातको मेवा फलफूल







खेति प्रदर्शन व्लक स्थापना गरिएको छ साथै कोशेवाली अनुसन्धान कार्यक्रम,खजुरासँगको सहकार्यमा बिभिन्न मुगंका जातको जातिय गुणको अध्ययन गर्ने उद्देश्यले मुगं बाली प्रदर्शन व्लक स्थापना गरी अध्ययन कार्य गरिएको छ ।

## २२. कर्मचारी क्षमता अभिवृद्धि तालिम

लुम्बिनी प्रदेश तथा स्थानिय तहमा कार्यरत कृषि प्राविधिक (सहायकस्तर/अधिकृतस्तर) कर्मचारीको ज्ञान,सिप,दक्षता तथा क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यले यस चालु आ.व. मा कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र खजुरा बांकेले विभिन्न विषयमा तालिम संचालन गरी १४० जना कर्मचारीको स्तरउन्नती भएको छ । जसमा मौरीपालन प्रविधि विषयक तालिम,किवि,कागति र एभोकाडो खेति प्रविधि तालिम, सार्वजनिक खरिद तथा लेखा व्यवस्थापन विषयक तालिम, सुन्तलाजात फलफूल खेति प्रविधि तालिम,कोशेवाली खेति प्रविधि तालिम, केरा खेति प्रविधि तालिम र मसला खेती प्रविधि तालिम आदिमा (अन्फार्म र अफ्फार्म) तालिम संचालन गरिएको थियो र जसबाट प्राविधिक कर्मचारीको विज्ञतामा स्तरउन्नती भई प्राविधिक सेवा विस्तारमा सुधार हुने अपेक्षा गरिएको छ ।






## २३. कृषक क्षमता अभिवृद्धि तथा सिप विकास तालिम

लुम्बिनी प्रदेशका कृषकहरुको विभिन्न विषयमा सिप र क्षमता अभिवृद्धि गरी कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि साथै व्यवसायिकतर्फ उन्मुख गर्ने उद्देश्यले कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र खजुरा बांकेले विभिन्न विषयमा तालिम संचालन गरी १९८ (६३ महिला र १३५ पुरुष) जनाको स्तरउन्नती भएको छ । जसमा व्यवसायिक तरकारी खेती तालिम,व्यवसायिक च्याउ खेति तालिम, व्यवसायिक मौरीपालन तालिम, व्यवसायिक कागति खेती तालिम, कृषि यन्त्र मर्मत तथा संचालन विषयक तालिम र हाईटेक नर्सरी तालिम आदिमा (अनफार्म र अफफार्म) तालिम संचालन गरिएको थियो ।





# २०[औं] राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०८०

वि.सं २०६१ सालमा विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई **अन्तर्राष्ट्रिय धान वर्ष** घोषणा गर्न आग्रह गरेपछि नेपालमा वि.सं २०६१ मंसिर २९ गतेको मन्त्रिस्तरीय निर्णय अनुसार वि.सं. २०६२ असार १५ गते देखि राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव मनाउन सुरु गरिएको हो। राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०८० मनाउने सन्दर्भमा जलवायु अनुकुलित किसिमका धानका जातहरु संरक्षण, सम्वर्द्धन, उपयोग एवम् प्रवर्द्धन गरी धानको उत्पादनमा वृद्धि गरी चामल र धानको आयात प्रतिस्थापन गर्ने कार्यमा सम्पूर्ण सरोकारवालाहरुलाई एकजुट भई हातेमालो गर्दै यस वर्ष "**जलवायु अनुकूलित कृषक मैत्री प्रविधि, धान उत्पादनमा वृद्धि**" मूल नाराका साथ डुडुवा गाँउपाललिका वडा नं. ०२, कोलही, बाँकेमा कृषि केन्द्र बाँकेको आयोजना तथा कृषि तथा भूमि व्यवस्था मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ, कृषि विकास निर्देशनालय, बुटवल रुपन्देही, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा बाँके, डुडुवा गाँउपालिका, बाँके, IDE Nepal/FTFNIMP बाँके, किसान २ परियोजना बाँके, CIMMYT बाँके, FIAN Nepal बाँकेको सहकार्य र राष्ट्रिय प्राथमिक विद्यालय डुडुवा २ बाँके, राप्ती कृषि सहकारी संस्था लि. डुडुवा २ बाँकेको विशेष सहयोगमा भव्यताका साथ सम्पन्न गरियो जसमा कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सकिल अहमदको अध्यक्षतामा कृषि तथा भूमि व्यवस्था मन्त्रालयका मन्त्री मा. भन्डारीलाल अहिरको प्रमुख आतिथ्यता, जिल्ला समन्वय समिति प्रमुख श्री ज्ञानेन्द्र कुमार चौधरी, नेपालगंज उपमहानगरपालिका प्रमुख श्री प्रशान्त विष्ट, पूर्व मन्त्री श्री आरती पौडेल, कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव श्री याम नारायण देवकोटा, बाँकेका प्रमुख जिल्ला अधिकारी श्री विपिन आचार्य लगायत अन्य जनप्रतिनिधीहरुको विषेश आतिथ्यता र अन्य सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि, कृषक, पत्रकार लगायत गरी कुल ५३५ जनाको व्यापक सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। यसका साथै अन्य जिल्लाका कृषि ज्ञान केन्द्रहरुको आयोजनामा प्रदेशका विभिन्न जिल्लाहरुमा समेत धान दिवस कार्यक्रम भब्यताका साथ सुसम्पन्न गरिएको छ।










प्रकाशक

लुम्बिनी प्रदेश सरकार

## कृषि तथा भूमि व्यवस्था मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल